# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४९ सालको ऐन नं ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## संसदका केही पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः संसदका केही पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९४६

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "संसदका केही पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०४९" रहेको छ।

(२) यो ऐन २०४९ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. संसदका केही पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४८ मा संशोधन : संसदका केही पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४८ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छ:-

"प्रस्तावना : संसदका केही पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,"

३. मूल ऐनको दफा २ मा संशोधनः मूल ऐनको दफा २ को:-

(१) खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ:-

"तर मन्त्रिपरिषद गठन गर्ने वा सो गठन गर्न समर्थन गर्ने दल बाहेक प्रतिनिधिसभा वा राष्ट्रियसभामा सबै भन्दा बढी बराबरी सदस्यहरू भएको दुईवटा संसदीय दल भएमा वा मन्त्रिपरिषद गठन गर्ने वा सो गठन गर्न समर्थन गर्ने दल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९८६

बाहेक अन्य कुनै पनि संसदीय दलमा सो सभाका सम्पूर्ण सदस्य संख्याको दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरू नभएको अवस्थामा सभामुखले अध्यक्षसंग परामर्श गरी तोकेको संसदीय दल विपक्षी दल हुनेछ र त्यस्तो विपक्षी दलले छानेको व्यक्ति विपक्षी दलको नेता हुनेछ।"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "सत्ता पक्षको नेता" भन्नाले प्रधानमन्त्रीको अनुपस्थितिमा श्री ५ को सरकारको तर्फबाट राष्ट्रियसभामा सरकारी कार्य सञ्चालन गर्न प्रधानमन्त्रीद्वारा मनोनीत मन्त्री बाहेक राष्ट्रियसभाको अन्य कुनै सदस्य सम्झनु पर्छ।"

(३) खण्ड (घ) मा रहेका "विपक्षी दलको नेता,". भन्ने शब्दहरू पछि "सत्ता पक्षका नेता," भन्ने शब्दहरू थपिएका छन्।

४. <u>मूल ऐनको दफा १० मा संशोधन</u> : मूल ऐनको दफा १० को उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन् :-

"(१) पदाधिकारीलाई सरकारी घर बन्दोवस्त भएकोमा त्यस्तो घरमा जडान गरिएका एक इकाईको विजुली र धाराको बिल बमोजिमको पूरै महसूल र सो घरमा निजको प्रयोगको लागि एउटा टेलिफोन जडान गर्न लाग्ने धरौटी तथा अन्य खर्च श्री ५ को सरकारले व्यहोर्नेछ तथा टेलिफोन महसूल वापत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मासिक बाह्रसय रूपैयाँमा नबढाई टेलिफोनको बिल बमोजिमको महसूल रकम दिइनेछ।

(२) सरकारी घर बन्दोवस्त हुन नसकेकोमा श्री ५ को सरकारको स्वामित्वमा रहने गरी पदाधिकारीको प्रयोगको लागि निजको आवासमा एउटा टेलिफोन जडान गर्न लाग्ने धरौटी र अन्य खर्च तथा निजको प्रयोगमा रहेको धारा, बिजुली र टेलिफोनको मासिक महसूल (जरिवाना वाहेक) श्री ५ को सरकारले व्यहोर्नेछ।

तर धारा, बिजुली र टेलिफोन महसूल वापत तीनै कलममा गरी एक आर्थिक वर्षमा जम्मा अठारहजार रूपैयाँभन्दा बढी रकम व्यहोरिने छैन।"

५. <u>मूल ऐनमा दफा २३ थप</u> : मूल ऐनको दफा २२ पछि देहायको दफा २३ थपिएको छ :-

"२३. <u>पेश्की</u> : (१) पदाधिकारीले यस ऐन बमोजिम पाउने पारिश्रमिक र आवास सुविधा वापतको रकम पेश्कीको रूपमा माग गरेमा सोही आर्थिक वर्ष भित्र फछ्र्यौट गर्ने गरी बढीमा तीन महीनासम्मको पेश्की पाउन सक्नेछ।

तर

(१) कुनै पदाधिकारीलाई कडा रोग लागि विदेशी अस्पतालमा उपचार गराउनु पर्ने ठहरिएमा वा यस्तै कुनै विशेष परिस्थिति परेको छ भन्ने कुराको औचित्यपूर्ण आधार देखिएमा सभामुख वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९४५

अध्यक्षाको स्वीकृति लिई संसद सचिवालयले त्यस्तो पदाधिकारीलाई बढीमा एक वर्षको पारिश्रमिक रकम पेश्की दिन सक्नेछ।

(२) बजेट निकासा भएको रकमले नभ्याउने भएमा वा तीन महीना अगावै निजको कार्यकाल व्यतीत हुने देखिएमा अवस्था अनुसार पेश्की नदिन वा कम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम दिइएको पेश्की रकम पदाधिकारीले पाउने मासिक पारिश्रमिक वा आवास सुविधाको रकमबाट प्रत्येक महीना पूरै कट्टा गरी फछ्र्योट गरिनेछ।

(३) यस दफा बमोजिम पेश्की लिने पदाधिकारी कुनै कारणले संसदको सदस्य कायम नरहेमा निजसंग लिन बाँकी रहेको रकम प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ।

तर पारिश्रमिक पेश्की लिने कुनै पदाधिकारीको पेश्की फछ्र्योट हुनु अगावै मृत्यु भएमा निजसित लिन बाँकी रहेको रकम मिनाहा हुनेछ।"

६. <u>मूल ऐनको अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा संशोधन</u> : मूल ऐनको अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ को सट्टा यसैसाथ संलग्न अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १

(दफा ३,४,८,९,११ र १२ संग सम्बन्धित)

| क्र. सं. | सुविधाको विवरण | ईकाई दर | प्रतिनिधिसभाको विपक्षी दलको नेता | राष्ट्रियसभाका सत्तापक्षको नेता, राष्ट्रियसभाका विपक्षी दलका नेता र मुख्य सचेतक | सभापति |
|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रू. | सातहजार | सातहजार | पाँचहजार आठसय |
| २. | बैठक भत्ता | दैनिक रू. | एकसय | एकसय | एकसय |
| ३. | आवास सुविधा | मासिक रू. | सरकारी बन्दोवस्त हुने | तीनहजार पाँचसय | तीन हजार |
| ४. | काठमाडौं उपत्यकामा स्थायी वासस्थान भएकालाई घर मर्मत संभारको लागि | मासिक रू. | सरकारी बन्दोवस्त हुने | एकहजार पाँचसय | एकहजार पाँचसय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९५१

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | पेट्रोल, डिजेल | मासिक लीटर | दुई सय तीस | दुई सय तीस | एकसय पचास |
| ६. | मोबिल | त्रैमासिक लीटर | पाँच | पाँच | पाँच |
| ७. | दैनिक भत्ता | दैनिक रु. | एकसय नब्बे | एकसय नब्बे | एकसय पैंतालीस |
| ८. | पैदल भ्रमण | प्रतिकोष रु. | पच्चीस | पच्चीस | बीस |
| ९. | लुगा भत्ता | तीन वर्षमा एक पटक रु. | पाँचहजार छ सय सत्तरी | पाँचहजार छ सय सत्तरी | चारहजार पाँचसय |

अनुसूची - २

(दफा ११ को उपदफा (२) को खण्ड (क) संग सम्बन्धित)

विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता

| क्र. सं. | पदाधिकारी | जापान, दक्षिण कोरिया, फिलिपिन्स बाहेक अन्य सबै एशियाई मुलुकहरूमा अमेरिकी डलर (तर भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रा) | जापान, दक्षिण कोरिया, फिलिपिन्स लगायत बाँकी सबै मुलुकहरूमा अमेरिकी डलर |
|---|---|---|---|
| १. | सबै पदाधिकारी प्रत्येकलाई | एकसय | एकसय पच्चीस |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - ३
(दफा १४ र १५ संग सम्बन्धित)

अन्य सुविधा

| क्र. सं. | सुविधाको विवरण | इकाई दर | प्रतिनिधिसभामा विपक्षी दलको नेता | राष्ट्रियसभामा सत्तापक्षका नेता, राष्ट्रियसभामा विपक्षी दलका नेता र मुख्य सचेतक प्रत्येकलाई | सभापति प्रत्येकलाई |
|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.द्वि.) उपसचिव स्तर | जना | एक | X | X |
| २. | स्वकीय सचिव (रा.प.तृ.) शाखा अधिकृत स्तर | जना | X | एक | एक |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२३

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | टाइपिष्ट | जना | एक | एक | X |
| ४. | ड्राइभर | जना | दुई | एक | एक |
| ५. | पियन | जना | दुई | एक | X |
| ६. | देवनागरी टाइपराइटर | गोटा | एक | एक | X |
| ७. | अंग्रेजी टाइपराइटर | गोटा | एक | एक | X |
| ८. | साईकल | गोटा | दुई | एक | X |
| ९. | मसलन्द तथा अतिथि सत्कारको लागि | मासिक रू | एकहजार छ सय | एकहजार छ सय | X |
| १०. | अङ्गरक्षक पदिक | जना | एक | X | X |
| ११. | बिल्लादार (गार्ड) | जना | एक | X | X |
| १२. | सैनिक जवान | जना | दश | X | X |

लालमोहर सदर मिति – २०५०।२।२७।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।